# सि.सि.टी.भी. (Closed Circuit TV) जडान तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७२

मानननीय मन्त्रीस्तरबाट स्वीकृत मितिः २०७२/०७/२५

संशोधन तथा परिमार्जन मितिः २०७५/१०/२४

पृष्ठभूमीः

जनताको जीउ धन र स्वतन्त्रताको संरक्षण गरी शान्तिपुर्वक बाँच्न पाउने नागरिकको संविधान प्रदत्त अधिकार सुनिश्चित गर्नु गृह प्रशासनको प्रमुख जिम्मेवारी हो। यस अन्तर्गत प्रभावकारी कानुन कार्यान्वयनका माध्यमबाट मानवीय सुरक्षा, सार्वजनिक तथा निजि सम्पत्तिको सुरक्षा एवं अपराध नियन्त्रणका कार्यहरु प्रमुख रहेका छन। अपराध नियन्त्रण तथा शान्ति सुरक्षा कायम गर्नका लागि विभिन्न सुरक्षा प्रविधि तथा विद्युतीय उपकरणको प्रयोग प्रभावकारी हुने भएकोहुँदा सार्वजनिक स्थान, राजमार्ग, सार्वजनिक निकायहरु, व्यापारिक तथा व्यवसायिक केन्द्रहरु, निजी व्यवसाय तथा आवासक्षेत्रको सुरक्षाको लागि हाल सिसिटिभीको प्रयोगमा विस्तार भएको पाईन्छ।

सिसिटिभीको प्रयोगलाई व्यवस्थित गरी नियमन गर्न आवश्यक देखिएको हुँदा सि.सि.टि.भी. जडान तथा सञ्चालन कार्यविधि, २०७२ तयार गरी स्वीकृत भएको मितिदेखि लागू गरिएको छ ।

१) उद्देश्यः

यस कार्यविधिका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्ः-

क. शान्ति सुरक्षा तथा अपराध नियन्त्रणमा विद्युतीय उपकरणको प्रयोगलाई प्रभावकारी बनाउने।

ख. सि.सि.टि.भी. को प्रयोगलाई प्रोत्साहन र व्यवस्थित गर्ने ।

ग. सि.सि.टि.भी. जडान तथा सन्चालनको नियमन गर्ने ।

२) वर्गीकरणः

सि.सि.टि.भी. को प्रयोगलाई निम्नानुसार तीन वर्गमा वर्गीकरण गरिएको छ ।

**क. सार्वजनिक क्षेत्रका लागि प्रयोग हुने CCTV Camera:-**

प्रविधियुक्त Smart Surveillance Camera को निगरानीबाट आपराधिक व्यक्तिहरुमा मनोवैज्ञानिक असर पुऱ्याई अपराध नियन्त्रण गर्न, अनुसन्धानमा सहयोग लिन, ट्राफिक व्यवस्थापन सहज बनाउन, सडक नियम उल्लंघनको कार्य निरुत्साहित गर्न तथा विशिष्ट व्यक्तिहरुको आवागमन एवं सुरक्षा व्यवस्था मिलाउने लगायतका सुरक्षासँग सम्बन्धित कार्यकालागि सार्वजनिक स्थानहरुमा आमनागरिकहरुलाई सुरक्षाको प्रत्यभूति दिलाउने उद्देश्यले सम्बन्धित सरकारी निकायबाट जडान एवं सञ्चालन गरिने सिसिटिभी ।

**ख. व्यापारिक प्रयोजनका लागि प्रयोग हुने CCTV Camera:-**

२०७५/१०/२४

१

प्रेम कुमार राई
सचिव

व्यापारिक केन्द्रहरु जस्तै बैंक, वित्तीय संस्था, सपिङ मल, होटल, कन्फरेन्स हल, डिपार्टमेन्ट स्टोर, सेवा सेन्टर, मूल्यवान वस्तु तथा गरगहना व्यवसाय हुने स्थानहरु तथा अन्य व्यापारिक कारोवार हुने स्थानहरुको सुरक्षार्थ सम्बन्धित ब्यक्ति, व्यवसायी/व्यापारी, कम्पनी वा संघ संस्थाहरुबाट जडान गरिने सिसिटिभी ।

**ग. निजी प्रयोजनका लागि प्रयोग हुने CCTV Camera:-** कुनै पनि व्यक्तिले आफ्नो निजी सम्पत्तिको सुरक्षाको लागि निजी परिसरमा जडान गरिने सिसिटिभी ।

३) व्यवस्थापन :

**क. सार्वजनिक प्रयोग सम्बन्धमा :-**

१. सरकारी/सार्वजनिक निकायले नागरिकहरुको सुरक्षा, सरकारी सम्पति सुरक्षा, कारागारहरुको निगरानी, विमानस्थलको सुरक्षा, सांस्कृतिक सम्पदाको सुरक्षा, महत्वपूर्ण प्रतिष्ठान सुरक्षा, कुटनीतिक नियोगको सुरक्षा, सबारी व्यवस्थापन आदी कार्यको लागि **CCTV** जडान तथा सञ्चालन गरेमा सो को लिखित जानकारी अनुसूची (१)अनुसार १५(पन्ध्र) दिन भित्र नजिकको प्रहरी ईकाई वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयलाई अनिवार्य रुपमा दिनु पर्नेछ।

२. सुरक्षा निगरानीका लागि जडान गरिएका सिसिटिभीको निरन्तर अनुगमन तथा सुपरिवेक्षण गर्ने व्यवस्था सम्बन्धित निकाय आफैले मिलाउनु पर्नेछ ।

३. सिसिटिभीबाट खिचेका दृश्यहरु गोप्य एवं सुरक्षित राख्नु पर्नेछ ।

४. सिसिटिभी फुटेजहरु अनुसन्धानको सिलसिलामा नेपाल प्रहरी लगायत अन्य सरकारी निकायले माग गरेको खण्डमा तुरुन्त उपलब्ध गराउनु पर्नेछ ।

५. सिसिटिभीबाट खिचेका दृश्यहरु कम्तिमा ३ (तीन) महिनासम्म सुरक्षित रहने गरी राख्नु पर्नेछ ।

६. Camera बाट Visualize गरिएका Footage लाई Modify गरी Business Purpose मा उपयोग गर्न पाइने छैन ।

७. VVIP, VIP को निजी Footage हरु सार्वजनिक हुनेगरी प्रयोग गर्न गराउन पाइने छैन।

८. Human Rights Violation हुने गरी CCTV Camera जडान गर्न, Photo लिन पाइने छैन।

९. CCTV बिग्रिएर मर्मत गर्नु पर्ने भएमा, हटाउनु पर्ने भएमा वा परिवर्तन/ फेरवदल गर्नु पर्ने भएमा सो को अग्रिम जानकारी नजिकको प्रहरी कार्यालय वा स्थानीय



प्रेम कुमार राई
सचिव